बुढीगंगा गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

हात्तिमुडा, मोरङ
१ नं प्रदेश, नेपाल

पत्र संख्या - ०७८/७९ (आ.प्र.)

च.न: नौवा २१६

मिति : २०७९/०३/०३

**विषय : भुक्तानीको समय सीमा सम्बन्धमा ।**

श्री सरोकारवाला सबै

बुढिगंगा गाँउपालिका , हात्तिमुडा

प्रस्तुत विषयमा यस गाँउपालिकाको कार्यालयसँग *आ व २०७८/७९* मा सम्पन्न हुने गरी सम्झौता भई सञ्चालनमा रहेका योजना तथा कार्यक्रमहरु लगायत यस कार्यालयले भुक्तानी गर्नुपर्ने जुनसुकै प्रकारको कार्यक्रमहरुको काम सम्पन्न गरी फरफराक तथा अन्तिम भुक्तानीको लागि मिति २०७९/०३/२० गते सम्ममा आवश्यक कागजात यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

*आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,* २०७७ को नियम ३० मा भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा सात दिन अगावै भुक्तानी दिई लेखा अध्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । बाँकी सात दिन भित्र कर दाखिला गर्ने नेपाल सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने प्रकृतिको अनुदान रकम समेत फिर्ता गरी सोको बैङ्क भौचर कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने र *आ व २०७८/७९* को सम्पुर्ण कारोबारको हिसाब मिलान गरी नेपाल सरकार, राष्ट्यि प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश सरकार लगायत सरोकारवाला निकायहरुमा प्रतिवेदन पठाउने समेतका कार्यहरु आर्थिक वर्ष समाप्त हुनुभन्दा अगावै सम्पन्न गर्नुपर्ने वाध्यात्मक कानूनी व्यवस्था भएकोले माथि उल्लेखित समय सीमा मिति २०७९/०३/२० गते भित्र भुक्तानीको लागि आवश्यक कागाजात पेश हुन नआएमा तथा भुक्तानी हुन नसक्ने परिस्थिति उत्पन्न भएमा कार्यालय जवाफदेही नहुने र स्वंय सरोकारवाला नै जिम्मेवार हुने व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ ।

.........................
अनुज प्याकुरेल
लेखा अधिकृत सातौं

.........................
संजिव न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत